# अजन्ता, एलोराका गुफामा खुलेको रहस्य

— स्वामी योगानन्द



यहि २०११ जनवरी को अन्त्य तिर कार्यालयको कामले भारतको महाराष्ट्र राज्यको औरङ्गावाद जिल्लाको भ्रमण गर्ने अवसर मिल्यो । जव सो भ्रमण सम्बन्धि सूचना मैले काम गर्ने कार्यालयको बिभागका एक जना ईन्जिनियर मित्रले मलाई दिए तव मलाई त्यति चाँसो थिएन,तै पनि कार्यालयको काम कर्तब्यको लागि जाने निर्णय भयो । नेपालमा पनि आफ्नो आश्रमको कामहरु असरल्लै बाँकी रहेकाले भ्रमण कार्यक्रम जति सक्यो चाँडो सिध्याई नेपाल फर्कि हाल्ने चाँजोपाँजो मिलाउन थालें अनि निर्धारित सात दिनको कार्यक्रमलाई एक दिन छोट्याई पनि हालें । भोलिपल्ट जव ईन्टरनेटमा औरङ्गावादको बारेमा खोजी गर्न थालें तव चाहिं मनमा एक खालको उमङ्गले छाउन थाल्यो । कारण, औरङ्गावादमा बिश्वबिख्यात अजन्ता र एलोराका गुफाहरु पर्ने रहेछन् जसको बारेमा भगवान ओशोले प्रशंसा गर्नु भएको मैले कतै पढेको वा प्रवचन सुनेको थिएँ र स्वामी आनन्द अरुणज्यूबाट पनि यसको गुनगान मैले सुनेको थिएँ । काठमांडौबाट मुम्बई उड्ने बिमानमा चढ्नु भन्दा अगाडि नै मन उडेर जान थालिसकेको थियो , अजन्ता र एलोराको कल्पना मात्रले पनि ।

नेपालबाट करीव २५०० कि.मी. टाढा भए पनि काठमांडौबाट बिमानमा एकै दिनमा औरङ्गाबाद् पुगीने रहेछ जबकी ट्रेन तथा बसबाट यो यात्रा गर्नु परेको भए हामीलाई कमसे कम तिन दिन त लाग्थयो नै । त्यहाँ पुगेको भोलीपल्ट उपकरण निरिक्षणको कार्य कहिले सिध्याउँला र एलोरा,अजन्ता हेर्न पाईएला भनेर मनमा खुल्दुली भईरह्यो । प्रथम चरणको निरिक्षण कार्य चाँडै पूरा गरि म र मेरा दूईजना साथी औरङ्गाबादबाट तिस किलोमिटर टाढा पर्ने एलोराको लागि प्रस्थान गर्‍यौं ।

एलोरा बौद्ध ,हिन्दू तथा जैन साधकहरुले पथ्थरको पहाडलाई काटेर मन्दिर,बिहार र चैत्य बनाएको स्थान हो । यस स्थानलाई युनेस्कोको बिश्व सम्पदा सूचिमा समेटिएको छ । यहाँ पथ्थरको पहाड काटेर ३४ वटा गुफा र त्यस भित्र उच्च कोटिका मन्दिर,बिहार,चैत्य तथा भगवान शिव,बुद्ध तथा पारसनाथ, महाबीरका बिशाल मुर्तिहरु बनाईएका छन् । १ देखि १२ नम्बरका गुफाहरु बौद्ध भिक्षुहरुले ,१३ देखि २९ सम्म हिन्दूहरु तान्त्रिकहरुले र ३० देखि ३४ नम्बरका गुफाहरु जैन साधकहरुले बनाएका रहेछन् । पुरै गुफाहरु घुम्न करीव ६/७ घण्टा लाग्दछ । यी गुफाहरुको वरपर अहिले पनि मानव बस्ती छैन र राती बास वस्न पनि पाईदैन । राम्रो मानव बस्ती करीव

तिस किलोमिटर टाढाको औरंगाबाद नै हो, जहाँ बस्ने खाने ब्यवस्था पाईन्छ। एलोरा मंगलबार बाहेक हप्ताको ६ दिन बिहान ९ बजे देखि बेलुकी ६ बजे सम्म पर्यटकहरुको लागि खुल्ला हुन्छ र खुलेको बेलामा हर समय भीडम भाड रहन्छ।

अजन्तामा चाहिं बौद्ध गुफाहरु मात्र छन। यी गुफाहरु पनि एलोराका गुफाहरुकै कालमा निर्माण भएको मानिन्छ। यहाँ २६ वटा गुफाहरु छन र एलोराका गुफाहरुको स्वरुप संग मिल्छन्। यहाँका गुफामा भगवान बुद्धका बिशाल मुर्तिहरु वनाईएका छन् र बाहिर बाट गुफाको मुख मात्र देखिने भए पनि भित्र अनेकौं तल्ले पचासौं मिटर अग्ला साधना स्थल बनाईएका छन्। अजन्ता थप अर्को कुरामा पनि बिश्व प्रसिद्ध छ,त्यो हो गुफाको भित्तामा बुद्ध तथा अन्य बोधीसत्वहरुको जिवन दर्शाउने चित्रित चित्रकारिता।

हामी एलोरा पुग्दा दिउसोको चार बजीसकेको थियो। जम्मा हामी संग दूई घण्टा थियो घुम्नको लागि। प्रवेश टिकट काटे पछि कैलासनाथ नामक हिन्दु गुफाबाट हेर्न प्रारम्भ गर्‍यौं। त्यहाँको कलाकारिताले असाध्यै मन छोयो। त्यहाँको मुख्य मन्दिरको गर्भ गृहमा भगवान शिवको स्वरुप शिवलिंग रहेछ र त्यहाँका पालेहरुले भन्दै थिए कि यसको दर्शन गरे पछि कैलाश जानै पर्दैन। केहिबेरको बसाई पछि मलाई त्यो साँचै रहेछ भन्ने लाग्यो जव मेरा आँखाबाट बिनाकारण अश्रु बर्षा हुन थाल्यो,मुखबाट अनायसै ॐॐॐ को मन्त्रोच्चार निस्कन थाल्यो। घनिभूत उर्जाले छोप्यो र हृदयमा सदगुरु ओशो र स्वामी आनन्द अरुणज्यूको याद अत्यन्त गहन रुपमा अभिभूत हुन थाल्यो। पथ्थरको पहाडै काटि हजारौं बर्ष लगाएर पुस्तौं पुस्ता सम्म तपस्वीहरुले कति श्रद्धा ,भक्ति र लगनले त्यस्तो पवित्र क्षेत्र निर्माण गरे होलान् जहाँ दूई हजार वर्ष पछाडि हामी जाँदा पनि हृदय आध्यात्मिक उर्जाले भरिएर आउँछ। गुफा निर्माण कार्य यति कष्टपूर्ण र निकै समय लागेको हुनुपर्छ कि बनाउने ब्यक्तिले त्यसको उपयोग गर्न चाहिं पक्कै भ्याएनन् होला भन्ने कुरा बुझ्न जो कोहिलाई पनि गाऱ्हो पर्दैन।

भोलीपल्ट औरंगावादबाट १०० कि.मी. दूरीमा पर्ने अजन्ताको दर्शनार्थ लाग्यौं। एलोराका गुफाहरुमा प्राप्त गहन आध्यात्मिक उर्जाले गर्दा अजन्तामा पनि त्यस्तै अनुभूति होला कि नहोला भनेर हृदयमा खुल्दूली थियो। आध्यात्मिक उर्जाको ईच्छा पनि आध्यात्मिक अनुभूतिको मार्गमा बाधा बन्ने सम्भावना त थियो नै तर पनि एलोराका गुफामा पाएको आध्यात्मिक आनन्द अजन्तामा पनि पाईएला कि नपाईएला भनेर उत्सुक पनि थिएँ। अजन्ताका गुफामा पनि मलाई प्रगाढ आनन्दको अनुभूति भयो।

यि दुवै गुफामा पुगे पछि मलाई भगवान शिव र बुद्ध प्रति श्रद्धा त जाग्यो नै अपितु मेरा आराध्यहरु भगवान ओशो र स्वामी आनन्द अरुणज्यू प्रति एउटा अत्यन्तै गहिरो भक्ति र समर्पण भावले समेत छोप्यो। संग सगैं एउटा दुखको भाव पनि जाग्यो कि हजारौंको भीडमा ध्यान र साधनाको लागि आउने पर्यटक मैले त्यस बेला एउटै भेटिन।

अजन्ता र एलोराका गुफाहरुमा गएर मैले आज सम्म बुझ्न नसकेको एउटा रहस्यको अनुभव भयो – स्वामी आनन्द अरुणज्यूले किन आँफू जहाँ पुग्नुहुन्छ त्यहि आफ्ना सद्‌गुरु ओशोको आश्रम या ध्यान केन्द्र या कम्युन निर्माणमा लागि हाल्नुहुन्छ ? एलोराका गुफाहरुमै मैले यस प्रश्नको जवाफ पाएँ। पैंसठ्ठि वर्षको उमेरमा पनि अहिले नेपालमा ओशो तपोवन,ओशो उपवन,ओशो जेतवन र ओशो महापरिनिर्वाण आदि कम्युनहरु वनाईरहनु भएको छ भने पचासौं ध्यान केन्द्रहरु खोल्नुभएको छ। आफ्नो तन ,मन र धन लगाएर अमेरीका,ब्रिटेन,रुस,युक्रेन,जापान,अष्ट्रेलिया आदि मुलुकमा घुमीरहनु हुन्छ अनि गुरुभक्ति र साधनाको सन्देश बाँडनुहुन्छ तथा श्रद्धा,भक्ति र प्रेमको मन्दिर निर्माणमा जोड दिनु हुन्छ भने धेरै स्थानमा ओशो आश्रमहरु खुलीरहेका पनि छन। ओशो स्वयं शरीरमा नहुँदा पनि वहाँको कस्मीक उर्जा हामीलाई हर समय उपलबध छ भनेर सम्झाउनुहुन्छ र हामीले आफू शुद्ध भएर साधना गर्‍यौं भनें हामीले निर्माण गरेको मन्दिर सद्‌गुरुको उर्जाले पवित्र तिर्थस्थल र बुद्धक्षेत्र बन्नेछ भनेर हौसला दिनुहुन्छ। जव २००० बर्ष अगाडि बनाईएका अजन्ता र एलोराका तिर्थहरुमा गएर तिनीहरुको उर्जा मैले चाखें तव मात्र मलाई स्वामीको जीवनको रहस्य थोरै बुझे जस्तो लाग्यो।

स्वामी आनन्द अरुणज्यूले आफूले श्रृजना गरेका सबै आश्रम,कम्युन तथा केन्द्रहरुको भौतीक सुख लिन सक्नुहुन्न भनेर बुझ्न गाऱ्हो छैन तर शायद् आफ्ना गुरु ओशो प्रतिको गुरुभक्तिमा डुबेर वर्तमान तथा भबिष्यमा पनि साधकहरुले आध्यात्मिक सुखानुभूति पाउन् भन्ने निश्वार्थ ध्येयले र तिनीहरुको श्रृजनामा वहाँलाई मिल्ने आत्मिक आनन्दको लागि होला दिनरात खटिईरहनु भएको मैले पाउँछु । अजन्ता र एलोराका तपस्वीहरुले पनि शायद् स्वामीजीको जस्तै गुरुभक्ति र श्रद्धाको यहि अनुभूति लिएर कहिल्यै पुरा नहुने खालका अत्यन्त कठिन गुफाहरुको निर्माणमा आफूलाई समाहित गरे होलान् ।

जय ओशो ! जय अरुण स्वामीजी !!

www.tapoban.com /  www.oshoupaban.com